QUESTION BANK NEPAL

## ● वस्तुगत प्रश्नोत्तर

१. **बागमती प्रदेश सरकारद्वारा स्थापित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा कसलाई नियुक्त गरियो ?**
✍ प्रा.डा. विश्वराज जोशी
- वाग्मती प्रदेशको २०७७ साउन १४ को मन्त्रिपरिषद् बैठकले जोशीलाई चार वर्षका लागि प्रतिष्ठानको उपकुलपतिमा नियुक्त गरेको ।
- २०७६ जेठमा प्रदेशसभाले प्रतिष्ठान सञ्चालनसम्बन्धी विधेयक पारित गरेसँगै प्रतिष्ठान स्थापनाको बाटो खुलेको थियो ।

२. **स्टेफेन टाटाव कुन खेलसँग सम्बन्धित खेलाडी हुन् ?**
✍ फुटबल




(सन् १९९० मा भएको फिफा विश्वकपमा क्यामरुनलाई क्वार्टर फाइनलसम्म पुऱ्याएका टोलीका पूर्वकप्तान टाटावको ५७ वर्षको उमेरमा सन् २०२० अगस्टमा निधन भएको । सो विश्वकपमा टाटावको कप्तानीमा क्यामरुनले शानदार खेल प्रस्तुत गरेको । अर्जेन्टिना, रोमानिया र कोलम्बियालाई हराएर सो विश्वकपमा क्यामरुनले सनसनी मच्चाएको थियो ।)

३. **आर्थिक वर्ष २०७६/०७७ सम्म प्रत्येक नेपालीको भागमा सरकारी ऋण कति पुगेको छ ?**
✍ रु. ४२ हजार छ सय
- नेपाल सरकारको ऋण दायित्व पौने १३ खर्ब रुपैयाँ पुगेको । सरकारको २०७७ असार मसान्तसम्ममा आन्तरिक ऋण छ खर्ब ६७ अर्ब रुपैयाँ र बाह्य ऋण छ खर्ब १४ अर्ब रुपैयाँ पुगेको हो । सरकारले गत आर्थिक वर्षसम्म प्राप्त ऋण तथा भुक्तान गरेको साँवासमेत हिसाब गर्दा तिर्न बाँकी कुल ऋण १२ खर्ब ८१ अर्ब रुपैयाँ पुगेको ।
- तथ्याङ्क विभागका अनुसार हाल नेपालको जनसङ्ख्या तीन करोड ३८ हजार पुगेको छ । कुल ऋणलाई जनसङ्ख्यासँग तुलना गर्दा प्रत्येक नेपालीको भागमा ४२ हजार छ सय रुपैयाँ सरकारी ऋण पुगेको छ । यसखालको ऋणमा सरकारद्वारा हरेक वर्ष बजेटमै व्यवस्था गरेर ऋणको साँवा-व्याज भुक्तानी गर्ने गरिन्छ ।

**प्रत्येक नेपालीको भागमा सरकारी ऋण**

| आ.व | सरकारी ऋण |
|---|---|
| २०७२/७३ | रु. २२ हजार |
| २०७३/७४ | रु. २४ हजार तीन सय |
| २०७४/७५ | रु. ३१ हजार तीन सय |
| २०७५/७६ | रु. ३५ हजार तीन सय |
| २०७६/७७ | रु. ४२ हजार छ सय |

**पछिल्लो पाँच आवमा जीडीपी आकार तथा कुल ऋण**

| आ.व. | जीडीपी | कुल ऋण |
|---|---|---|
| २०७२/७३ | २२ खर्ब ५३ अर्ब | छ खर्ब २८ अर्ब (२८%) |
| २०७३/७४ | २६ खर्ब ७४ अर्ब | सात खर्ब तीन अर्ब (२६%) |
| २०७४/७५ | ३० खर्ब ४४ अर्ब | नौ खर्ब १७ अर्ब (३०%) |
| २०७५/७६ | ३४ खर्ब ५८ अर्ब | १० खर्ब ४८ अर्ब (३०%) |
| २०७६/७७ | ३७ खर्ब ६७ अर्ब | १२ खर्ब ८१ अर्ब (३४%) |

४. **राष्ट्रिय परीक्षा बोर्डले तयार गरेको कक्षा ११ को परीक्षा सञ्चालन, व्यवस्थापन, मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ अनुसार कक्षा ११ मा लिइने परीक्षालाई के नामकरण गरिएको छ ?**
✍ माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई)
- कार्यविधिअनुसार विद्यालयले दैनिक हाजिरी अभिलेख राख्नुपर्ने तथा नियमिततर्फ कम्तीमा ७० प्रतिशत हाजिरी भएका विद्यार्थीलाई मात्र विद्यालयबाट लिइने अन्तिम परीक्षामा सहभागी गराउनुपर्ने उल्लेख ।
- अब कक्षा ११ को परीक्षा बोर्डले तोकेको मापदण्डअनुसार हरेक वर्षको जेठको तेस्रो हप्तादेखि परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

५. **इन्डोनेसियाको हालको राजधानी परिवर्तन गरी कहाँ सार्ने निर्णय भएको छ ?**
✍ बोर्नियो
(सन् २०१९ अगस्ट १८ मा राजधानी सार्ने प्रस्ताव गरिएको र सन् २०१९ अगस्ट २७ मा प्रस्तावउपर निर्णय भएको ।)

६. **मन्त्रिपरिषद्को २०७७ साउन १९ को बैठकले लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतमा कसलाई नियुक्त गर्ने निर्णय गऱ्यो ?**
✍ सुशील भट्ट

७. **हाल नेपालमा पिछडिएको क्षेत्रमा सूचीकृत स्थानीय तह कति रहेका छन् ?**
✍ ५७

८. **ललितपुर महानगरपालिकामा साइकल लेनको शुभारम्भ कहिले गरिएको हो ?**
✍ विक्रम संवत् २०७६ मङ्सिर १५

९. **अमेरिकाले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्बाट अलग हुने घोषणा कहिले गरेको हो ?**
✍ सन् २०१८ जुन १९

१०. **कान्तिपुर टेलिभिजनबाट प्रसारित रियालिटी शो कमेडी च्याम्पियनको पहिलो संस्करणको उपाधि जित्ने प्रतिभा को हुन् ?**
✍ धादिङका हिमेश पन्त

११. **नेपालमा निर्वाचन दिवस कहिले मनाइन्छ ?**
✍ फागुन ७
- विसं २०७६ फागुन ७ गते चौथो निर्वाचन दिवस मनाइएको ।
- विसं २०१५ मा पहिलो बहुदलीय संसदीय निर्वाचन सुरु भएको दिनको सम्झनामा निर्वाचन दिवस मनाउन थालिएको ।

१२. **संयुक्त राष्ट्रसङ्घद्वारा शरणार्थी र आप्रवासीसम्बन्धी पहिलो सम्मेलन कहिले आयोजना गरियो ?**
✍ सन् २०१६ सेप्टेम्बर

१३. **राष्ट्रिय योजना आयोग र युनिसेफद्वारा संयुक्त रूपमा गरिएको अध्ययनअनुसार नेपालमा हाल उत्पादनशील अर्थात् १४ देखि ६४ वर्ष उमेर समूहको जनसङ्ख्याको हिस्सा कति रहेको छ ?**
✍ ६२.६८ प्रतिशत

१५. **प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा सबै मन्त्रीहरूसँग पहिलोपटक कार्यसम्पादन सम्झौता कहिले गरिएको हो ?**
✍ विसं २०७६ साउन १५
- सम्झौताको आधार वार्षिक बजेट र सरकारको नीति तथा कार्यक्रम रहेको ।
- करारअनुसार काम भए नभएको अनुगमन प्रधानमन्त्री कार्यलयले गर्ने ।

१६. **इन्डो-प्यासिफिक रणनीति कुन देशको नेतृत्वमा सञ्चालित कार्यक्रम हो ?**
✍ अमेरिका
(विश्व अर्थराजनीतिमा चीनको उदय भएसँगै एसियाली अर्थ राजनीतिमा अमेरिकी प्रभुत्व कायम गर्ने उद्देश्यसाथ अमेरिकाद्वारा अवलम्बन गरिएको वैदेशिक नीति ।)

१७. **समलिङ्गी यौन सम्बन्ध राख्नेलाई ढुङ्गाले हिर्काएर मार्न सकिने कडा व्यवस्थासहितको नयाँ इस्लामिक (सरिया) कानुन लागू गर्ने राष्ट्र कुन हो ?**
✍ ब्रुनाई, सन् २०१९ अप्रिल ३

१८. **चर्चित अनलाइन गेम 'पब्जी' का डिजाइनर को हुन् ?**
✍ ब्रेन्डन ग्रिन
- यो खेल सन् २०१७ मार्चदेखि सुरु भएको । पीयुबीजी (पब्जी) को पूरा रूप 'प्लेयर अननोन्स् ब्याटल ग्राउन्ड' हो ।




१९. **संयुक्त राष्ट्रसङ्घीय वातारणसम्बन्धी 'पृथ्वी' पुरस्कार प्राप्त गर्ने नेपाली प्रतिभा को हुन् ?**
✍ सोनिका मानन्धर
(सन् २०१९ सेप्टेम्बर २६ मा न्युयोर्कमा आयोजित 'पृथ्वी समारोह'को अवसरमा प्रदान गरिएको ।)

२०. **प्रथम एसियाली सभ्यता संवाद सम्मेलन कहिले र कहाँ आयोजना गरियो ?**
✍ सन् २०१९ मे, बेइजिङ (चीन)

२१. **कुन चरालाई पत्नीव्रता चरा भनी चिनिन्छ ?**
✍ राजधनेश



- संरक्षित पक्षीको सूचीमा रहेको यो चराको सङ्ख्या नेपालभर १५० जति रहेको अनुमान ।
- गुँड निर्माण तथा ओथारो प्रक्रियामा रोचक र अनौठो स्वभाव देखाउने राजधनेशले ठूला, बूढा रूखको टोड्कामा गुँड बनाउँछ ।
- अण्डा पारेपछि पोथीलाई भाले राजधनेशले बच्चा नहुर्कुञ्जेलसम्म टोड्कोभित्र रहेको गुँडमा नै थुनेर राख्छ । ओथारो अवधिभर पोथीलाई र बच्चा निस्केपछि बच्चालाई समेत भालेले नियमित रूपमा बाहिरबाट आहारा खुवाउने गर्छ ।

२२. **'सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्यको सिद्धान्तमा आधारित हुनेछ' भनी संविधानको कुन धारामा उल्लेख छ ?**
✍ धारा २३२

२३. **प्रस्तावित चराङ विमानस्थल कहाँ पर्दछ ?**
✍ मुस्ताङ

२४. **विश्वमै देशको राजधानी सहरबाट सबैभन्दा निकटमा अवस्थित राष्ट्रिय निकुञ्ज कुन हो ?**
✍ शिवपुरी राष्ट्रिय निकुञ्ज

२५. **'एक नर्स, एक विद्यालय' नामक अभियान सञ्चालन गर्ने प्रदेश कुन हो ?**
✍ बाग्मती प्रदेश

२६. **विश्व ट्रेड युनियनको एसिया प्रशान्त क्षेत्रीय सम्मेलन-२०१९ कहाँ सम्पन्न भएको हो ?**
✍ नेपाल (सन् २०१९ सेप्टेम्वर २४-२५)
- विश्व ट्रेड युनियन महासङ्घ, समन्वय समिति नेपालद्वारा आयोजित सो सम्मेलनमा भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, मलेसिया, दक्षिण कोरिया, भियतनाम, लाओस, कम्बोडिया, इन्डोनेसिया, इरान, काजिकिस्तानलगायत १४ वटा मुलुकका २८ वटा ट्रेड युनियनका तीन दर्जनभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको । हरेक वर्ष आयोजना हुने यो सम्मेलन नेपालमा यसअघि सन् २००७ मा आयोजना गरिएको थियो ।
- 'श्रमिकहरूको आधारभूत आवश्यकता र सामाजिक सुरक्षा सुनिश्चित गर, उत्पादन रोजगारको क्षेत्रमा लगानी गर' भन्ने मूल नारासहित आयोजित सो सम्मेलनले नौबुँदे घोषणापत्र जारी गरेको ।
- सम्मेलनले अक्टोबर ३ लाई एसियाव्यापी 'एक्सन डे'का रूपमा मनाउने र विश्वव्यापी रूपमा नै श्रमिक परिचालन अभियान सञ्चालन गर्ने तथा नोभेम्बर ७ का दिन श्रमिकलाई शिक्षा, स्वास्थ्य, आवासलगायत सामाजिक सुरक्षाको प्रत्याभूति गर भन्ने अभियान विश्वव्यापी रूपमा नै सञ्चालन गर्ने निर्णय गरेको ।

२७. **सार्क साँस्कृतिक सम्पदा वर्ष २०१६/१७ का लागि साँस्कृतिक राजधानीका लागि छनोट गरिएको सहर कुन हो ?**
✍ महास्थानगढ (बङ्गलादेश)

२८. **विषखेला पर्व कुन जातिमा प्रचलित पर्व हो ?**
✍ सतार



(विषखेला पर्व चौर वा खेलमैदानवरिपरि १० देखि १५ वटा समूहमा रहेका मन्त्र सिकेका समूहले मन्त्रमार्फत बाजागाजासहित आफूतिर विष लागेको मानिसलाई तान्ने प्रयास गर्छन् । यसरी जसले आफूतिर तानेर विष झार्न सक्छ त्यो समूह वा समूहका धामी विजेता बन्ने चलन रहेको छ ।
- सतारहरूको मौलिक परम्परा र संस्कारका रूपमा रहेको यो पर्व विशेषगरी झापा जिल्लामा प्रचलनमा रहेको छ ।)

२९. **साउदी अरकले पहिलोपटक पर्यटकलाई प्रवेशाज्ञा दिने घोषणा कहिले गरेको हो ?**
✍ सन् २०१९ सेप्टेम्बर २७
(तेलको व्यापारमा आधारित अर्थतन्त्र रहेको यस मुलुकमा अबदेखि पर्यटनलाई पनि अर्थतन्त्रको अर्को पाटोका रूपमा विकास गर्न लागिएको बताइएको छ । घुम्नका लागि विदेशी नागरिकलाई खुला गरिए पनि केही सर्त भने कडा बनाइएको छ । विशेषगरेर महिलाका लागि पहिरनमा आचारसंहिता नै बनाइएको अधिकारीहरूले जनाएका छन् । विश्व पर्यटन दिवसकै दिन आएको साउदी अरबको यो घोषणाले विश्वको पर्यटन क्षेत्रको दायरा थप फराकिलो भएको महसुस गरिएको छ ।)

३०. **नेपालमा 'ऊर्जा तथा जलस्रोत दशक' भनी कुन अवधिलाई घोषणा गरिएको छ ?**
✍ विसं २०७५-२०८५

**प्रस्तुतकर्ता : टङ्क केसी**

## ● विषयगत प्रश्नोत्तर

# के हुन् स्वास्थ्य इलाज कसुर



१. **मुलुकी अपराध (संहिता) ऐन-२०७४ ले के-कस्ता कार्यलाई मानव स्वास्थ्य इलाजसम्बन्धी कसुरका रूपमा लिई के-कस्तो सजाय हुने व्यवस्था गरेको छ ? चर्चा गर्नुहोस् ।**
✍ सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न तथा विभिन्न धार्मिक एवम् साँस्कृतिक समुदायबीचको सुसम्बन्ध कायम गर्न तर्जुमा गरिएको मुलुकी अपराध (संहिता) ऐन- २०७४ ले देहायबमोजिमका कार्यलाई मानव स्वास्थ्य इलाजसम्बन्धी कसुरका रूपमा लिई देहायबमोजिमको सजाय हुने व्यवस्था गरेको छ :

क. इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गर्न नहुने :
- यदि गरेमा कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने, त्यसैगरी उपरोक्त विपरीत हुनेगरी चिकित्सा सेवा दिँदा, चिरफार गर्दा वा औषधि खुवाउँदा कसैको ज्यान गएमा कसुरदारलाई जन्म कैद हुने र अङ्गभङ्ग भएमा १५ वर्षसम्म कैद हुने,
- यसमा जुनसुकै कुरा लेखिएको भए पनि लामो अनुभवबाट इलाजसम्बन्धमा जानकारी राख्ने व्यक्तिले उचित होसियारी अपनाई सानोतिनो रोग लागेको बिरामीको मानव अङ्गलाई कुनै खास प्रतिकूल असर नपर्ने मामुली प्रकृतिको औषधि खुवाउन वा सानोतिनो घाउ, खटिरा चिरफार गरी उपचार गर्नमा बाधा नपुग्ने,

ख. बदनियत चिताई इलाज गर्न नहुने :
- यदि गरेमा देहायबमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई देहायबमोजिमको सजाय हुने :

(अ) कसैको ज्यान गएकोमा ज्यान मारेसरह,
(आ) कसैको अङ्गभङ्ग भएकोमा अङ्गभङ्ग गराएसरह,

ग. लापरबाही वा हेलचेक्र्याइँ गरी इलाज गर्न नहुने :
- यसबमोजिमको कामबाट कसैको ज्यान मर्न गएमा वा अङ्गभङ्ग भएमा लापरबाहीपूर्ण काम गरेको कारणबाट ज्यान मरेमा वा अङ्गभङ्ग भएमा पाँच वर्षसम्म कैद र ५० हजार रुपियाँसम्म जरिवाना र हेलचेक्र्याइँ गरेको कारणबाट मरेकोमा वा अङ्गभङ्ग भएकोमा तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने,

घ. मञ्जुरीविना मानव शरीरमा परीक्षण गर्न नहुने :
- उपरोक्त विपरीत परीक्षण गर्ने, गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने, उपरोक्तबमोजिमको कसुर गरेको कारणबाट कसैको ज्यान मरेकोमा ज्यान मारेसरह र अङ्गभङ्ग भएकोमा अङ्गभङ्ग गरेसरह सजाय हुने,

ङ. जोखिमपूर्ण औषधि बिक्री-वितरण गर्न नहुने :
- यदि गरेमा यसबमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा २० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,

च. औषधिमा मिसावट गर्न वा मिसावट गरेको औषधि बिक्री गर्न नहुने :
- यदि गरेमा यसबमोजिमको कसुर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुने :

(अ) त्यस्तो औषधि सेवन गरेका कारणले ज्यान मरिसकेकोमा ज्यान मारेकोसरह,
(आ) त्यस्तो औषधि सेवन गरेका कारणले ज्यान मर्न सक्नेगरी खतरा पुगेको वा पुग्ने सम्भावना भएकोमा ज्यान मार्ने उद्योग गरेसरह,
(इ) त्यस्तो औषधि सेवन गरेका कारणले शरीरको कुनै अङ्गभङ्ग हुने वा सोको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना,
(ई) उपरोक्त अवस्थामा बाहेक अन्य अवस्थामा पाँच वर्षसम्म कैद र ५० हजार रुपियाँसम्म जरिवाना,

छ. म्याद नाघेको वा पूर्वसावधानी नलिई औषधि बिक्री-वितरण गर्न नहुने :
- यदि बिक्री-वितरण गरेमा यसबमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद र दस हजार रुपैयाँसम्म जरिवाना हुने,

ज. एक औषधिलाई अर्को औषधि भनी बिक्री-वितरण गर्न नहुने :
- यदि बिक्री-वितरण गरेमा यसबमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा २० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,

झ. प्रयोगशाला परीक्षणको झुटा प्रतिवेदन दिन नहुने :
- यदि दिएमा यसबमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपियाँसम्म जरिवाना हुने, यसबमोजिमको प्रतिवेदनका आधारमा कसैलाई औषधि सिफारिस गरी सेवन गर्दा, चिरफार गर्दा वा उपचार गर्दा कसैको ज्यान मरेमा वा अङ्गभङ्ग भएमा त्यस्तो प्रतिवेदन दिने व्यक्ति कसुरदार मानिने र यसबमोजिम कसुर गर्ने वा गराउने व्यक्तिलाई ज्यान मरिसकेको भए ज्यान मारेसरह र अङ्गभङ्ग भएको भए अङ्गभङ्ग गरेसरह सजाय हुने ।

२. **सङ्गठनमा चिट्ठीपत्रको दर्ता र चलानी किन आवश्यक हुन्छ ? खुलाउनुहोस् ।**
✍ सङ्गठनमा आएका चिट्ठीपत्रहरू प्राप्त हुनासाथ सुरुको अभिलेख राख्ने कार्य दर्ता हो भने सङ्गठनबाट बाहिर जाने चिट्ठीपत्रहरूको अन्तिम अभिलेख राख्ने कार्य चलानी हो । कार्यालयमा दर्तामार्फत चिट्ठीपत्र भित्रिन्छ भने चलानीमार्फत चिट्ठीपत्र बाहिरिन्छ । दर्ताबाट कार्यालयमा कामको प्रारम्भ हुन्छ भने चलानीबाट कामको दायित्व अरूमा सार्ने गरिन्छ । सङ्गठनमा चिट्ठीपत्रको दर्ता र चलानीको आवश्यकता निम्नअनुसार हुने गर्दछ :
- कार्यालयमा प्राप्त भएका चिट्ठीपत्रको प्रारम्भिक अभिलेख राख्न,
- कुन पत्र कहिले कहाँबाट प्राप्त भयो र प्राप्त पत्रको कारबाही के-कस्तो भएको छ, सोबारे जानकारी प्राप्त गर्न,
- कार्यालयमा प्राप्त पत्रको सुरक्षा गर्न,
- कार्यालयमा प्राप्त पत्र हराउने सम्भावना कम हुने, यदि पत्र हराएमा दर्ता किताबबाट जानकारी प्राप्त गर्न सकिने, जस्तै : पत्रको दर्ता नम्बर, पत्रको मिति, पत्र सङ्ख्या, पत्रको विषय आदिबाट पत्रको खोजी गर्न सकिने,
- कार्यालयबाट कसलाई के विषयमा कहिले पत्र पठाइयो सोको विवरण चलानीबाट लिन सकिने,
- पत्र पाउने कार्यालयले पत्र बुझेको भर्पाइँ चलानीमा हुने, आवश्यक पर्दा उक्त भर्पाइँ प्रमाण हुन सक्ने,
- चलानी पत्र हराएमा पुनः अर्को पत्र तयार गर्न सरल हुने ।

३. **सामाजिक द्वन्द्व के हो ? नेपालमा सामाजिक द्वन्द्वका कारण र असरबारेमा उल्लेख गर्नुहोस् ।**
✍ समाजमा विभिन्न व्यक्ति तथा समूह हुन्छन् । एउटै समाजमा विभिन्न जातजाति, भाषाभाषी, धर्म-संस्कृति र पृष्ठभूमि बोकेका भिन्नभिन्न व्यक्तिहरू रहन्छन् । प्रत्येक व्यक्ति तथा समूहका रुचि, स्वभाव, भावना फरक हुन्छन्, जसले गर्दा एक-आपसमा टकराव हुन्छ, आपसमा वैमनस्य, मनमुटाव, विवाद एवम् असहमति हुन्छ, यो सामाजिक द्वन्द्व हो ।

**नेपालमा सामाजिक द्वन्द्वका कारणहरू**
- एकले अर्कोलाई विश्वास नगर्नु, सम्मान नगर्नु,
- बेरोजगार हुनु, गरिबी बढ्नु,
- समाजमा आर्थिक असमानता हुनु,
- सामाजिक संस्कारको पालना नहुनु,
- मादक पदार्थको सेवन गर्नु,
- सामाजिक न्यायको अभाव हुनु,
- शिक्षाको कमी, चेतनाको कमी ।

**असरहरू**

**सकारात्मक असर**
- आर्थिक एवम् सामाजिक रूपान्तरणमा सहयोग,
- सामाजिक चेतना अभिवृद्धि,
- सामाजिक न्यायको प्रवर्द्धन,
- सामाजिक एकता एवम् सद्भावमा बढोत्तरी ।

**नकारात्मक असर**
- समाजमा शान्ति सुव्यवस्थामा खलल,
- चोरी, हत्या, अपहरणका घटनामा वृद्धि,
- सामाजिक मूल्य-मान्यतामा ह्रास,
- सामाजिक कुसंस्कारको अवस्था सिर्जना ।

४. **नेपालको भौगोलिक अवस्थाले मुलुकको समग्र विकासमा के-कस्तो प्रभाव पारेको छ ? लेख्नुहोस् ।**
✍ हिमाल, पहाड र तराईमा अवस्थित नेपालको भौगोलिक अवस्थाले मुलुकको समग्र विकासमा निम्नानुसार प्रभाव पारेको छ :

**सकारात्मक प्रभाव**
- पर्यटन व्यवसायको विकासमा सहयोग, आयआर्जन र रोजगारी वृद्धि हुने,
- अमूल्य जडीबुटीको प्रचुरता, औषधि उत्पादनमा सहयोग,
- हिमाल, पहाड र तराईमा कृषि उत्पादनमा विविधता, औद्योगिक विकासमा सहयोग,
- हिमाल, पहाड, खोला एवम् नदीबाट आन्तरिक र बाह्य सीमाङ्कनमा सहयोग,
- हिमाल प्रमुख नदीहरूको स्रोत स्थल, अथाह जलप्रवाह, विकासको सम्भावना,
- स्वच्छ हावापानी, स्वच्छ वातावरणबाट अनुकूल बसाइमा सहयोग ।

**नकारात्मक प्रभाव**
- भौगोलिक विकटता, सेवा-सुविधा वितरणमा अवरोध, यातायातमा कठिनाइ,
- हिमाल, पहाडको भौगोलिक अवस्थाले साधन-स्रोतको न्यायिक वितरणमा समस्या,
- हिमालमा ठण्डा हावापानीले कष्टप्रद जीवन,
- हिमाल पहाडमा छरिएर रहेको बस्तीले गर्दा एकीकृत बस्ती विकासमा कठिनाइ,
- जनसङ्ख्या वितरणमा असन्तुलन, हिमालभन्दा पहाडमा, पहाडभन्दा तराईमा जनसङ्ख्याको चाप, बसाइँ-सराइको अवस्था बढ्दो,
- हिमाल, पहाडमा भौतिक पूर्वाधार विकासमा कठिन,
- भौगोलिक विकटताले गर्दा विकास निर्माणमा बढी लागत लाग्ने गरेको अवस्था ।

५. **नेपालको सार्वजनिक प्रशासनमा देखिएका समस्याहरू के-के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ राजनीतिप्रति तटस्थ र निर्वाचित सरकारका योजना तथा कार्यक्रमप्रति प्रतिबद्ध भई त्यही सरकारले तर्जुमा गरेका नीतिहरू निष्पक्ष र कुशलतापूर्वक कार्यान्वयन गरी देश र जनताको निरन्तर सेवा गर्ने संयन्त्र सार्वजनिक प्रशासन हो । सरकार सामान्यतया पाँच वर्षमा परिवर्तन भइरहने तर सरकार परिवर्तनसँगै यो परिवर्तन नहुने हुँदा यसलाई स्थायी सरकार पनि भनिन्छ । यो कानुनद्वारा स्थापित प्रशासकीय संयन्त्र हो । नेपालमा सार्वजनिक प्रशासनलाई व्यवस्थित गर्न संवैधानिक, कानुनी र संस्थागत व्यवस्था छ । नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारी सेवाहरूको गठन र सञ्चालनसम्बन्धी व्यवस्था गरेको छ र पनि नेपालको सार्वजनिक प्रशासन अझै व्यवस्थित हुन सकेको छैन । यसमा नीतिगत, कानुनी, संस्थागत, प्रक्रियागत, प्रविधिगत, आचरणगतलगायतका विविध समस्याहरू देखिएका छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- भविष्यको सार्वजनिक प्रशासन कस्तो हुने ? भन्ने सम्बन्धमा कार्ययोजनासहितको स्पष्ट दीर्घकालीन नीतिको अभाव हुनु,
- सार्वजनिक प्रशासनलाई व्यवस्थित गर्ने कानुनी व्यवस्था समयानुकूल हुन नसक्नु,
- बजारमा भएका नवप्रतिभाहरूलाई सार्वजनिक सेवामा आकर्षित गर्न नसक्नु,
- सङ्घीय संरचना सङ्घ, प्रदेश र स्थानीयतहअनुसारको सङ्गठन संरचना तयार हुन नसक्नु,
- प्रशासनमा काम गर्ने राष्ट्रसेवक कर्मचारीको तलब सुविधा समसामयिक एवम् सान्दर्भिक हुन नसक्नु,
- राष्ट्रसेवक कर्मचारीहरूको वृत्तिविकासका आधारहरू जस्तै : सरुवा, बढुवा, पदस्थापन, तालिम आदि पारदर्शी र वैज्ञानिक हुन नसक्नु,
- सार्वजनिक प्रशासनले गर्ने प्रत्येक कार्यप्रणाली सरल एवम् आधुनिक हुन नसक्नु,
- प्रशासनमा काम गर्ने कर्मचारीहरूको आचरण व्यवहारमा समयानुकूल सुधार हुन नसक्नु,
- सरकारी सेवाप्रवाह गर्ने संयन्त्रहरूबीच कार्यगत समन्वय हुन नसक्नु,
- पुरस्कार र दण्ड सजाय कार्यसम्पादनमा आधारित हुन नसक्नु,
- स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण सिर्जना हुन नसक्नु,
- सूचकका आधारमा निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने कार्य प्रभावकारी हुन नसक्नु ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**